# नेपाल राष्ट्र बैंक
# केन्द्रीय कार्यालय
# विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः- ४०४* | *मिति :- २०६३/१२/११*

**इजाजतपत्रप्राप्त "क" वर्गका (बैंक) संस्थाहरू ।**

विषय :- **चाँदी आपूर्ति र निर्यात व्यवस्था सम्बन्धमा ।**

महाशय,

चाँदीबाट बनेका गर-गहना वा हस्तकलाका वस्तुहरू निकासी गर्ने निकासीकर्ताहरूलाई चाँदी आपूर्ति गर्ने व्यवस्था निम्न अनुसार गरिएकोले सोही वमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(क) निर्यातकर्ता तथा स्थानिय विक्रेताहरूलाई चाँदी उपलव्ध गराउनको लागि नेपाल राष्ट्र बैंक, टक्सार महाशाखाले इजाजतपत्रप्राप्त "क" वर्गका संस्थाहरुमा चाँदी कोष (Silver Chest) को व्यवस्था गर्नेछ । उक्त चाँदी कोषमा रहेको चाँदीको मौज्दातबाट सम्वन्धित बैंकले निर्यातकर्ता तथा नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त स्थानीय विक्रेताहरूलाई चाँदी विक्री गर्नेछ ।

(ख) नेपाल राष्ट्र बैंक, टक्सार महाशाखाले चाँदीको विक्री मूल्य अमेरिकी डलरमा निर्धारण गर्नेछ । अन्तर्राष्ट्रिय बजारमा चाँदीको मूल्यमा २.५ (दुई दशमलब पाँच) प्रतिशतभन्दा वढी घटबढ भएमा सो अनुसार समायोजन गरी कायम गरिएको चाँदीको संशोधित विक्री मूल्यको जानकारी टक्सार महाशाखाले बैंकहरूलाई दिनेछ । सम्वन्धित बैंकहरूले चाँदी विक्री गर्दा टक्सार महाशाखाले निर्धारण गरेको मूल्यको आधारमा निर्यातकर्ता तथा स्थानीय विक्रेताहरूलाई चाँदी विक्री गर्नुपर्नेछ ।

(ग) सम्वन्धित बैंकहरूले यसरी चाँदी कोषबाट विक्री गरेको चाँदीको भुक्तानी अमेरिकी डलरमा नै नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय मार्फत सोही दिन टक्सार महाशाखालाई गर्नुपर्नेछ ।

(घ) सम्वन्धित बैंकहरूले निर्यातकर्ता तथा स्थानीय विक्रेताहरूलाई चाँदी कोषबाट विक्री गरे वापत विक्री गरेको चाँदीको मूल्यको ०.५० (शून्य दशमलब पाँच शून्य) प्रतिशत रकम नेपाल राष्ट्र बैंकले सम्वन्धित बैंकहरूलाई उपलब्ध गराउनेछ ।

(ङ) शुरुमा निकासीकर्ताहरूले खुल्ला बजारबाट चाँदी खरिद गरी निकासी गर्नुपर्नेछ ।

(च) यसरी निकासी गरी प्राप्त विदेशी मुद्राको आधारमा बैंकबाट नियमानुसार चाँदी खरिद गर्न सकिनेछ ।

(छ) निकासीकर्ताहरूलाई उनीहरूले चाँदीका गर-गहना निकासी गरेको आधारमा पुनः चाँदी उपलब्ध गराउँदा प्राप्त विदेशी मुद्राको ६५ प्रतिशत वा निर्यात प्रज्ञापन पत्रानुसार निकासी गरेको खुद तौल (Net weight) मा जर्ति वापतको १० प्रतिशत थप गरी हुन आउने जम्मा तौल मध्ये जुन कम हुन आउँदछ सोही वरावरको चाँदी नेपाल राष्ट्र बैंकले तोकेको दरमा उपलब्ध गराउनुपर्नेछ ।

(ज) यसरी चाँदी उपलव्ध गराउँदा निम्न कागजातहरू संलग्न हुनुपर्नेछ :

१. विदेशी मुद्रा प्राप्त भएको प्रमाणित कागजात,

२. निर्यात प्रज्ञापनपत्र,

३. नेपाल हस्तकला उद्योग संघको सिफारीश सहितको इन्भ्वाइस (Invoice),

४. Airway bill को प्रतिलिपि ।

(झ) चाँदी उपलव्ध गराउँदा सम्बन्धित निर्यात प्रज्ञापनपत्र, कमर्सियल इन्भ्वाइस (Commercial Invoice) र विदेशी मुद्रा भुक्तानी प्रमाणपत्रको सक्कल प्रतिमा चाँदी उपलव्ध गराई सकेको व्यहोरा बैंकले प्रमाणित (Endorsement) गरी सम्बन्धित बैंकको छाप लगाउनु पर्नेछ ।

(ञ) निकासीकर्ता अथवा इजाजतप्राप्त स्थानीय विक्रेताहरूले परिवर्त्य विदेशी मुद्रा बैंक दाखिला वा एजेन्सी जम्मा भएको मितिले ६ महिनाको अवधि भित्र बैंकबाट चाँदी खरिद गरिसक्नु पर्नेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक